**खोटेहाङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री कविता राईद्वारा प्रस्तुत चालु आ.व. २०७६।०७७ को लागि गाउँसभाले स्विकृत गरेको संसोधित अनुमानित आय तथा व्यय लाई कार्यन्वयन गर्न पेश भएको पुरक विनियोजन विधेयक २०७६**

खोटेहाङ गाउँपालिकाको चौथो  गाउँसभा बैठकका श्रद्धेय सभाध्यक्ष महोदय,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरु
गाउँसभाका सदस्यज्यूहरु ,कर्मचारी साथीहरु ,संचारकर्मी मित्रहरु ।

मुलुकमा संघीय शासन व्यवस्था लागु भई स्थानीय तहको निर्वाचन बाट निर्वाचित जन प्रतिनिधिहरु बाट स्थानिय तह संचालन भई रहेको व्यहोरा विदितै छ । नेपालको संविधान २०७२ ले स्थानिय तहलाई जनताको सरकारको रुपमा परीभाषीत गरेको छ, जसलाई नेपालको इतिहासमा सुनौलो र गर्विलो शासन व्यवस्थाको रुपमा विकसित गर्न खोजिएको छ । यो अवसर ल्याउनका लागि विभिन्न चरणमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन आहूती दिने संपूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धा व्यक्त गर्दछु ।
परिवर्तित शासन प्रणालीको यस अवधिपछि आम जनताको मनमा "के भयो त ?" भन्ने जिज्ञासा छ । यस जिज्ञासाभित्र फगत परिवर्तनको स्वरुप मात्र खोजिएको छैन, विगतको भन्दा "राम्रो" को अपेक्षा पनि छ । स्थानीय जनताको यही सामूहिक मनोभावलाई ध्यानमा राखेर विगत वर्षको अनुभव लाई आधार मान्दै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको सल्लाह र सुझाब लिएर चालु आ.व.०७५।०७६ को अर्धवार्षिक अवधिको समिक्षा र मुल्याङ्कन गर्दै चालु आ.व.को लागि गाउँसभाले स्विकृत गरेको अनुमानित आय तथा व्ययलाई संसोधन सहित थप कार्यन्वयन गर्न गाउँसभाको कार्य संचालन नियमावली २०७४ को दफा ६६ को उपदफा १ बमोजीम पुरक विनियोजन विधेयक स्विकृतिका लागि सम्मानित गाउँसभा समक्ष पेश गर्दछु ।

**चालु आ.व. ०७६।०७७ को अर्ध वार्षिक अवधिको समीक्षा**

चालु आर्थिक वर्षका लागि गाउँसभाले स्विकृत गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रगति ५५ प्रतिशतले कार्यान्वयन भएको छ । योजना तथा कार्यक्रमहरुको कार्य सम्पादन पछिल्लो समयमा आएर निकै गतिशिल भएको छ । यसलाई हेर्दा हाम्रो गाउँपालिकाले २०७७ वैशाख मसान्त सम्ममा सम्पूर्ण योजनाहरु सम्पन्न गर्ने लक्ष्यलाई पुरा गर्न सकिने देखिन्छ । कार्यान्वयनको पक्षलाई थप प्रभावकारी बनाउन गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखा र कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी कर्तव्यनिष्ठ भएर पुरा गर्नु हुनेछ जसबाट खोटेहाङ गाउँपालिकाको समग्र विकासको रुप देखाउन सकिनेछ भन्ने अपेक्षा राख्दछु ।

**श्रद्धेय अध्यक्ष महोदय,**
**गाउँसभा सदस्यज्यूहरु**

चालु आ.व. ०७६।०७७ को लागि देहायको संसोधन(संसोधित योजना अहरुलाई तलका अनुसूचीहरुमा हाईलाईट गरिएको छ । सहितको आय र व्ययको अनुमानीत पूरक विनियोजन विधेयक पेश गर्दछु ।

**आय तर्फ :**

**श्रद्धेय अध्यक्ष महोदय,**
**गाउँसभा सदस्यज्यूहरु**

योजना कार्यान्वयनमा रकमको दुरुपयोग र काममा हेलचेक्र्याईंको प्रवृति अन्त्यका लागि वडा र गाउँपालिका दुवै तहबाट कार्यान्वयनमा आउने सबै कार्यक्रमहरुको नियमित तथा वस्तुगत अनुगमन हुने र अनुगमनका क्रममा कैफियत भेटिएमा त्यस विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने चालु अभ्यासलाई निरन्तरता दिइने व्यहोरा समेत म यो सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।
अन्त्यमा, धैर्यतापूर्वक कार्यक्रम तथा बजेट सुनिदिएर साथ दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दै बजेट तथा कार्यक्रमको नतिजामूलक कार्यान्वयन सबैको साथ र हातेमालोबाट मात्र संभव हुने कुरा स्मरण गराउँदै बिदा हुन चाहन्छु ।
धन्यवाद, नमस्कार ।

**कविता राई**
**उपाध्यक्ष तथा**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक**